"कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन,र सञ्चार समुन्नत तिलागुफाको लागि सबल स्थानीय सरकार"

# तिलागुफा नगरपालिका

# आगामी आर्थिक वर्ष २०८२।०८३ को बार्षिक नीति,योजना, बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी सुझाव सङ्कलन तथा चालु आ.व २०८१।०८२ को सार्वजनिक सुनुवाई कार्यक्रम

मिति २०८२।०३।०८ गते

**आयोजक :**

तिलागुफा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
गाल्जे,कालीकोट ।

"कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन,र सञ्चार समृद्ध तिलागुफाको लागि सबल स्थानीय सरकार"

श्री अध्यक्ष ज्यू
श्री प्रमुख अतिथि ज्यू,
श्री विशेष अतिथि ज्यू,
श्री क्रियाशील राजनैतिक दलका(प्रदेश कमिटी प्रमुख एवं प्रतिनधि ज्यूहरु,
श्री नि.वर्तमान सङ्घ तथा प्रदेश सभाका माननीय ज्यूहरु,
श्री भू.पू. माननीयज्यू,
श्री क्रियाशिल राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु,
श्री नि.वर्तमान नगर प्रमुख,उपप्रमुख ज्यू
श्री भू.पू.गा.वि.स अध्यक्ष, उपाध्यक्ष ज्यूहरु,
श्री क्रियाशिल राजनैतिक दलका नगर कमिटीका प्रमुख एवं प्रतिनिधिज्यूहरु ,
श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
श्री वडा अध्यक्षज्यू (सबै ),
श्री नगर कार्यपालिका सदस्य ज्यूहरु (सबै)
श्री भू.पू. वडा अध्यक्षज्यूहरु
श्री सामुदायिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्र.अ ज्यूहरु सबै ,
श्री नागरिक समाजका प्रमुख एवं प्रतिनिधिज्यूहरु,
श्री नगर बाल सञ्जाल,ज्येष्ठ नागरिक,महिला, अपाङ्ग,दलित,द्धन्दपिडित,एकल महिला सञ्जालका प्रमुख एवं प्रतिनिधि ज्यू,
श्री बजार व्यवस्थापन समितिका प्रतिनिधि ज्यूहरु,
श्री प्रहरी चौकी प्रमुखज्यू (गाल्जे,खल्लागाड),
श्री नगर स्थित गैर सरकारी संस्था र वित्तीय संस्थाका प्रमुख एवं प्रतिनिधी ज्यूहरु,
श्री पत्रकार ज्यूहरु ।

हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस तिलागुफा नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम तर्जुमा सम्बन्धी सुझाव सङ्कलन तथा चालु आर्थिक वर्ष बर्ष २०८१।०८२ को सार्वजनिक सुनुवाईको कार्यक्रममा नगर पालिकाले चालु आर्थिक वर्ष २०८१।०८२ मा सम्पादन गरेका नीति,योजना बजेट तथा कार्यक्रमहरुको कार्य सम्पादन प्रगतिको सार्वजनिकिकरण तथा सुझाव सङ्कलन कार्यक्रममा पाल्नु भएका सवै पेशा, वर्ग र सेवामा आवद्ध सम्पूर्ण अतिथि महानुभावहरुमा सर्वप्रथम तिलागुफा नगरपालिका,कालिकोटको तर्फवाट हार्दिक स्वागत गर्दछु ।

## चालु आ व २०८१।०८२ ले लिएका उद्देश्यहरु

क) रोजगारी तथा आर्थिक वृद्धिका लागि स्वरोजार मूलक कार्यक्रम मार्फत आत्मनिर्भर बनाउने।

ख) भौतिक पूर्वाधार र जलविद्युत उत्पादन मार्फत दिगो तथा फराकिलो आर्थिक उन्नति गरी गरिबी न्यूनीकरणमा जोड दिने ।

ग) आत्म निर्भर समाजको निर्माण गर्ने।

घ) ज्येष्ठ नागरिक, महिला,दलित फरक क्षमता भएका व्यक्ति पिछडिएको वर्ग तथा समुदायको समानुपातिक विकासमा जोड दिइ उपलब्ध श्रोत साधनहरुलाई न्यायोचित वितरण गर्दै समावेशी र दिगो विकासको अवधारणा आत्मसाथ गर्ने ।

ङ) पर्यटकीय गन्तव्यको पहिचान तथा विकास गरी पर्यटन पर्वद्धनमा जोड दिने ।

च) विकास सहयात्रीहरु सँगको निरन्तर सहकार्य मार्फत रोजगारीका अवसरहरु सिर्जना गर्ने ।

छ) आर्थिक भौतिक, सामाजिक र वातावरणीय क्षेत्रमा दीगो पूर्वाधार विकास मार्फत समुन्नत र सुदृढ नगर बनाई राष्ट्रको विकासमा टेवा पुयाउने ।

ज) रोजगारी श्रृजना तथा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।



महेन्द्र बहादुर शाही
(नगर उप-प्रमुख)

झ) प्रभावकारी सेवा मार्फत सुशासन र मितव्ययितामा आधारित नगरपालिका निर्माण गर्ने ।

ञ) विपद् जोखिम न्यूनीकरण सम्बन्धी आवश्यक पूर्वाधार तयार गर्ने ।

ट) रैथाने बालीहरुको संरक्षण प्रवर्द्धन र बजारीकरण गर्दै कृषि आत्मनिर्भर नगरपालिका घोषणाको अभियान साकार पार्ने ।

**अध्यक्ष ज्यू ,**

अब म यस तिलागुफा नगरपालिकाको चालु आर्थिक वर्ष २०८१।०८२ मा नगर कार्यपालिकाको कार्यालयले मिति २०८१ साउन १ गते देखि हाल सम्म सम्पादन गरेएका विभिन्न क्रियाकलापहरुको एकीकृत प्रतिवेदन प्रस्तुत गर्ने अनुमत्ति चाहन्छु ।

चालु आर्थिक वर्ष २०८१।०८२ को लागि संघीय सरकार वित्तिय समानिकरण,संघीय सरकार सशर्त अनुदान, संघिय सरकार सम्पूरक अनुदान , संघीय सरकार राजस्वबाँड र प्रदेश सरकार वित्तय समानीकरण,प्रदेश सरकार सशर्त अनुदान, प्रदेश सरकार राजस्वबाँड, आन्तरिक आय थप समेत ६१ करोड ३५ लाख २० हजार ७ सय ४२ रुपैया स्वीकृत भएको र कूल रकममा ५६.८७ प्रतिशत प्रगति हाँसिल गरी गरेको छु ।२०८१ साल २०८१।०३।०७ गते सम्म सम्म चालु तर्फ ६७.२९ र पूँजीगत तर्फ २४.९१ प्रतिशतले रकम खर्च भएको छ । जुन विनियोजित रकमको ५६.८७ प्रतिशत हुन आउछ । विषयगत र क्षेत्रमा विनियोजन र खर्चको विवरण निम्नानुसार छ ।साथै विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुले आ आफ्नो कार्ययोजना अनुसार गतिविधि सञ्चालन गर्दै आईरहेका छन ।

| क.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | १,६२,५७,६००. | ४५,२०,६११. | २७.८१ | १,१७,३६,९८९. |
| २ | सामाजिक विकास | ३५,३१,८६,५००. | २३,४९,३०,०२७. | ६६.५२ | ११,८२,५६,४७३. |
| ३ | पूर्वाधार विकास | १०,३८,७८,३८४. | १,५५,१९,२९९.५ | १४.९४ | ८,८३,५९,०८४.५ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,४०,६३,०००. | ३५,०४,३५०. | २४.९२ | १,०५,५८,६५०. |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १२,६१,३५,२५८. | ९,०४,२८,९४२.२१ | ७१.६९ | ३,५७,०६,३१५.७९ |
| कुल जम्मा | | ६१,३५,२०,७४२. | ३४,८९,०३,२२९.७१ | ५६.८७ | २६,४६,१७,५१२.२९ |

**आन्तरिक राजस्वको प्रक्षेण र आयको अवस्था :**

आर्थिक वर्ष २०८१।०८२ को आन्तरिक आय रु २९ लाख प्रक्षेपण गरिएकोमा हाल सम्म रु २२ लाख ९ हजार ५ सय ९५ रुपैया संकलन भएको छ । जुन प्रक्षेपणको ७६.२ प्रतिशतले प्रगति रहेको छ ।" आगामी आर्थिक वर्ष २०८२।०८३ को बजेटको सिमा निर्धारण गर्ने शिलशिलामा २०८१ साल पौष महिनामा बसेको राजस्व परामर्श समिति र बजेटको स्रोत तथा सिमा निर्धारण समितिले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरी रु ६१,२५,८४,६६९।२० अनुमान गरिएकोमा संघीय अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग र कर्णाली प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्रास सिलिङ्ग बमोजिम समानीकरण अनुदान,सशर्त अनुदान,विशेष अनुदान,सम्पूरक अनुदान र राजस्व बाडफाँड गरी कूल जम्मा रकम ५३ करोड ९० लाख २९ हजार २५ रुपैया २२



महेन्द्र बहादुर शाही
(नगर उप-प्रमुख)

पैशा बराबरको र नगर नगरपालिकाको आन्तरिक आयश्रोत सामाजिक सुरक्षा कार्यक्रम र गैर सरकारी संस्था तर्फको बजेट तथा कार्यक्रलाई समेत आगामी आर्थिक वर्ष २०८२।०८३ को नीति,बजेट तथा कार्यक्रम तर्जमा गरिनेछ ।

**नगर सभा, कार्यपालिका तथा शासकीय प्रबन्ध :**

तिलागुफा नगरपालिकाको नगर सभामा ६० जना नगर सभा सदस्य र कार्यपालिकामा २१ जना कार्यपालिका पदाधिकारीको संरचना रहेकोमा नगर सभा तर्फ २ जना सदस्य जिल्ला समन्वय समिति सदस्यमा निर्वाचित हुनु भएको र १ जना दलित महिला सदस्यको मृत्यु भई हाल ५७ जनाको खूद सभा सदस्य संख्या कायम भई २१ जनाको नगर कार्य समिति मौजुदा रहेको छ । २०८१ साल साउन १ गते देखि हालका मिति सम्म कार्यपालिकाको मासिक बैठक न्यूनतम १ पटक बस्ने गरेको छ । आर्थिक वर्ष २०८१।०८२ मा नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको **स्थानीय तह संस्थागत स्वमूल्याङ्कन , स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन मा क्रमश: ९७.५, ९२.२५** अंक प्राप्त गरेको र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगबाट मूल्याङ्कन भई ६२.६ अङ्क प्राप्त गरी कालीकोट जिल्लाका स्थानीय तहहरु मध्ये उत्कृष्ठ पालिका हुन सफल भएको छ ।यस नगरपालिकाले हाल सम्म कूल जम्मा ७३ ऐन,नियम, कार्यविधि, मापदण्ड, निर्देशिका ५ वटा निर्माण भई कार्यान्वयनमा रहेका छन भने केही तयार भई अनुमोदनको चरणमा रहेका छन । र केही ऐन,नियम र कार्यविधि संशोधनको प्रकृयामा रहेको छ ।

**भौतिक पूर्वाधार :**

आर्थिक वर्ष २०८१।०८२ मा जम्मा ८० पूर्वाधार आयोजना रहेका छन।जस मध्ये ५९ आयोजनाहरुको कार्य सम्पन्न भई करिब ७५ प्रतिशतले भौतिक प्रगति भई भुक्तानीको प्रकृयामा रहेको र २१ योजनाहरुको निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।संघीय सरकारबाट प्राप्त भएको सम्पूरक योजना ओखरभिट्टा देखि चुली सम्म योजनाको निर्माण कार्य सम्पन्न भएको छ । USAID को साझेदारीमा सञ्चालनमा रहेका ३ वटा वैदेशिक सहायता तर्फका योजना तथा कार्यक्रमहरुको हाललाई निर्माण कार्य स्थगित गरी निर्माण स्थलमा उपलब्ध भएका सामाग्रीहरुको रेखदेखका लागि सम्बन्धित उपभोक्ता समिति तथा वडा कार्यालयलाई जिम्मेवारी दिईएको छ । यसै क्रममा आयोजनाहरुको दिगो व्यवस्थापन तथा गुणस्तरीयताको लागि निरन्तर अनुगमन तथा सुपरिवेक्षण गर्ने कार्य भईरहेको छ साथै आयोजनाहरुको मर्मत सम्भारका लागि पालिका स्तरीय मर्मत सम्भार कोषको स्थापना गरि कार्यान्वयन ल्याईएको छ ।

**प्रधानमन्त्री रोजगार तथा मुख्यमन्त्री रोजगार कार्यक्रम**

प्रधानमन्त्री रोजगार र मुख्यमन्त्री रोजगार कार्यक्रममा यस चालु आ. व. २०८१।०८२ मा जम्मा २२ वटा आयोजनाहरु सञ्चालनमा रहि सो आयोजनाहरुबाट जम्मा ५५२४ जना बेरोजगारलाई प्रत्यक्ष रोजगारको अवसर उपलब्ध गराई सम्पूर्ण आयोजनाहरुको निर्माण कार्य सम्पन्न भई भुक्तानीका लागि अन्तिम चरणमा रहेको छ।

**व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा :**

व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत पहिलो त्रैमासिकमा ४४५० जना लाभग्राहीहरुलाई रु २ करोड ३६ लाख ७६ हाजर ७ सय ३२ रुपैया ,दोस्रो त्रैमासिकमा ४४३६ जना लाभग्राहीहरुलाई रु २ करोड ३९ लाख ७८ हजार ८ सय ७० रुपैया र तेस्रो त्रैमासिमा ४३६७ जना लाभग्राहीहरुलाई रु २ करोड ३९ लाख ३९ हजार ७ सय ८१ रुपैया गरी कूल जम्मा रकम रु ७ करोड १५ लाख ९५ हाजर ३ सय ८३ रुपैया सम्बन्धित लाभग्राहीहरुको



महेन्द्र बहादुर शाही
(नगर उप-प्रमुख)

खातामा जम्मा गरिएको छ । साथै व्यक्तिगत घटना तर्फ यस चालु आ.व. २०८१।०८२ को श्रावण देखि हाल सम्म ९११ जना व्यक्तिगत घटना दर्ता भएका छन भने सामाजिक सुरक्षा भत्ताको लागि चौथो त्रैमासिकमा केही रकम रु ५६९४७०० अपुग हुन गएकाले सो अपुग रकम सम्बन्धित निकायमा मागका लागि पत्राचार गरिएको छ ।

**सूचना प्रविधि :**

यस तिलागुफा नगरपालिकामा सञ्चालन हुने विभिन्न गतिविधिहरु website मार्फत सार्वजनिक गर्ने गरेको ,सूचना प्रेषण गर्दा Group SMS र Facebook page मार्फत सार्वजनिक गर्ने गरेको । नगरपालिकाका सम्पूर्ण ठेक्का पट्टा आव्हान गर्न E-bidding प्रणाली मार्फत गर्ने गरेको र आर्थिक प्रशासन शाखा, राजस्व शाखा, पञ्जीकरण शाखा, स्वास्थ्य शाखा,प्रधानमन्त्री रोजगार लगायत विभिन्न शाखाबाट सूचना प्रणालि मार्फत क्रियालाप सञ्चालन गर्दै आईरहेको र Digital नगरपालिकाको लागि आवश्यक पर्ने सामाग्रीहरु खरिद प्रकृया अगाडि बढाईएको छ । कार्यालयको सबै शाखा तथा वडा कार्यालयसँग समन्वयात्मक भूमिका खेली सूचना प्रविधिको क्षेत्रमा आएका समस्या समधान गर्ने गरिएको छ ।

**महिला,वालवालिका तथा समाज कल्याण :**

तिलागुफा नगरपालिकाले आर्थिक वर्ष २०७७।०७८ देखि आर्थिक वर्ष २०८१।०८२ सम्म बालबालिकाको क्षेत्रमा विनियोजित बजेट तथा खर्चको समिक्षा गरि सार्वजनिकरण गरिएको । बाल सञ्जालको कार्ययोजना निर्माण, अपांगत परिचयपत्र वितरण, सरकारी तथा गैर सरकारी संस्थाको सहजिकरणमा अपांगता पहिचान शिविर,विभिन्न दिवस जस्ता कार्यक्रमहरु सञ्चालन गरिएको छ साथै शहिद तथा घाइते परिवारहरुको लगत सङ्कलन गरी जिवन निर्वाह भत्ता वापतको रकम सम्बन्धित लाभग्राहीहरुको खातामा जम्मा हुने गरी रकम निकासा गरिनुका साथै थप बजेट निकासाका लागि कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई अनुरोध गरिएको छ ।

**शिक्षा तथा खेलकुद :**

यस नगरपालिका भित्रका रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुको निरन्तर रुपमा अनुगमन प्रणाली अबलम्बन गर्दै न्यून आयस्रोत भएका र सिमित नगर अनुदानबाट सञ्चालित विद्यालयहरुको दरबन्दी, पदपूर्ति व्यवस्थापन लगायत भौतिक पूर्वाधार निर्माणको कार्य सञ्चालन भइरहेको छ । पालिका स्तर,प्रदेश स्तर तथा तथा राष्ट्रिय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिताका कार्यक्रमहरु सम्पन्न गरी विभिन्न विदामा उत्कृष्ट स्थान हाँसिल गर्ने खेलाडीहरुलाई पुरस्कार वितरण तथा सम्मान कार्यक्रमहरु सम्पन्न गरिएको छ साथै यस तिलागुफा नगरपालिकाको वडा नं ३ स्थित श्री महादेव माध्यामिक विद्यालयलाई हिमाली आवासीय छात्रावृत्ति प्रदान गर्ने विद्यालयको रुपमा स्तरोउन्नती गरिएको छ । ४० जना शिक्षक कर्मचारीहरुको लागि IEMIS व्यवस्थापन सम्बन्धि क्षमता विकास तालिम आयोजना गरिएको । बाल बालिकाहरु सँग सम्बन्धित बाल क्लब तथा बाल सञ्जालनका सदस्यहरुका लागि विभिन्न समयमा विभिन्न किसिमका कार्यक्रमहरु सञ्चालन गरिएको । कक्षा ८ को परीक्षालाई परीक्षालाई परीक्षा केन्द्र कायम गरि व्यवस्थित तथा मार्यादित गरिएको ।

**स्वास्थ्य**

स्वास्थ चौकी छाप्रेको नवनिर्मित भवनबाट सेवा प्रवाह गरि नगरबासीहरुको प्रभावकारी स्वास्थ सेवालाई मध्यनजर गर्दै नगर अस्पताल राँचुलीमा सादा एक्सेर सेवा र भिडियो एक्सरे लगायतका कार्यक्रम निरन्तर रुपमा सञ्चालन भईरहेको छ । यस नगरपालिका अन्तर्गत रहेका सम्पूर्ण स्वास्थय संस्थाहरुको स्तरोउन्नती गरी आवश्यक स्वास्थय उपकरण तथा औषधिजन्य वस्तुहरुको उचित प्रबन्ध मिलाईएको छ साथै पाठेघरको मुखको क्यान्सर विरुद्धको , ७३९ जना किशोरीहरुलाई HPV खोप लगाईने कार्य सम्पन्न गरिएको छ । यस नगरपालिका अन्तर्गतका गर्भवती महिलाहरुको ग्रामीण अल्ट्रासाउण्ड र स्वास्थ्य परीक्षण गरिएको छ । विगतका वर्षहरुमा ५ वर्ष भन्दा मुनिका बालबालिकाहरुलाई वितरण हुँदै आएको पोषिलो पिठोको सट्टा वालभिटा कार्यक्रम सुचारु गरिएको । स्वास्थय



महेन्द्र बहादुर शाही
(नगर उप-प्रमुख)

सेवा कार्यालय कालीकोटको आयोजना तथा यस नगरपालिकाको समन्वयमा १ दिने विशेषज्ञ शिविर सञ्चालन गरिएको यस नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना कायम गरिने कार्यक्रम सञ्चालन गरिने ।

**वन वातावरण तथा विपद् व्यवस्थापन :**

यस नगरपालिकामा विभिन्न समयमा प्राकृतिक विपत्ती ( आगलागि,बाढी पहिरो,महामारी,हिमपात ) बाट पूर्ण रुपमा क्षति भएका घरहरुको पुननिर्माण लागि लगत ईस्टीमेट सहित आवश्यक रकम सम्बन्धित घरधनीको खातामा निकासाका लागि विभिन्न सरोकारवाला निकायहरुमा पहल गरि क्षतिग्रस्त घरहरुको लगत सङ्कलन, डिजाईन सर्भे लगायत लेआवटका कार्यक्रमहरु सम्पन्न गरी पिडित नागरिकलाई तत्काल राहतका वितरण कार्यका लागि विभिन्न सरकारी तथा गैर सरकारी संस्थालाई अनुरोध गरिएको छ ।यस पालिकाका सबै नागरिकका घरको लगत सङ्कलन गरि कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट ३४७५ घरको विमा कार्यक्रमका लागि सम्झौता भई आवश्यक प्रकृया थालनी गरिएको छ र नेपाल सरकार भूमिहिन तथा सुकुमवासी आयोगको निर्देशनानुसार यस पालिकामा रहेका भूमिहिन दलित,भूमिहिन सुकुमवासी र अव्यवस्थित बसोबास गरेका नागरिकको लगत सङ्कलन गरी लालपूर्जा वितरण गर्ने प्रकृयामा रहेको र थपको लगत सङ्कलनका लागि सार्वजनिक सूचना प्रकाशित गरिएको ।

**कृषि विकास :**

यस नगरपालिकाका विभिन्न वडामा रहेका कृषि फर्महरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने कार्य सम्पन्न गरी कृषि पकेट क्षेत्र विकास कार्यक्रमका लागि आवेदन माग गरिएको छ भने जम्मा ३० वटा पुराना कृषि फर्महरुको नविकरण तथा थप ७ वटा नयाँ कृषि फर्म दर्ता गर्ने कार्य सम्पन्न गरिएको छ । नगरपालिकाका ११ वटै वडामा गरिब तथा विपन्न कृषकहरुलाई पोषण सुधारका लागि ६१० घरपरिवारलाई विभिन्न जातका तरकारी र च्याउका विउ वितरण ,बाली कटानी कार्यक्रम मार्फत विभिन्न बालीहरुको उत्पादन र उत्पादकत्व मापन ,वडा नं १ र २ मा ओखर बगौचा र वडा नं ३ मा स्याउको बगौचा स्थापना,महादेव माध्यिमक विद्यालय वडा नं ३ मा ५०० विरुवाको नमूना स्याउ बगौचा स्थापना गरि कृषकहरुको माग र आवश्यकताको आधारमा विभिन्न कार्यक्रमहरु लागु गर्ने रणनीतिक लिएको छ । साथै नगरपालिकाको विभिन्न वडामा माटो परिक्षण कार्यका लागि नमूना सङ्कलन गर्ने कार्य भईरहेको छ ।

**पशु विकास :**

जिल्ला पशु सेवा कार्यालयको आयोजना तथा यस नगरपालिकाको समन्वयमा तिलागुफा नगरपालिकाको वडा नं १ मा पशु स्वास्थ्य शिविर सञ्चालन भई उक्त शिविरबाट २८६ वटा पशुपंक्षीको उपचार गरिनुका साथै ३२ वटा पशुलाई बन्ध्याकरण गर्ने कार्य सम्पन्न गरी नगरपालिकामा दर्ता भएका ४९ पशुपंक्षी पालन समूह, ८६ वटा पशुपंक्षी फर्म , ५ वटा सहकारी र ४ वटा समूहको नवीकरण तथा सुपरिवेक्षण कार्य गरि थप पृष्ठपोषण दिइएको छ र विभिन्न किसिमका प्रकोपबाट पशुपालक कृषकहरुले ब्यहोर्नु परेको क्षतिको लगत सङ्कलन गरी राहतका लागि विभिन्न निकायमा आवश्यक समन्वय गरिएको छ । साथै पशु विमा कार्यक्रमका लागि विभिन्न सरकारी तथा गैर सरकारी निकायसँग समन्वय तथा छलफल गरि एकीकृत पशु विमा प्रणालीबाट कार्यक्रम सञ्चालनका लागि आवश्यक पहल गरिएको छ र ३ वटा सेवा उप केन्द्र बाट हाल सम्म ४२३६५ पशुपंछीलाई औषधि,खोप तथा निशुल्क उपचार सेवा प्रदान गरि गोबर तथा दुध प्रयोशाला सञ्चालनमा रहेको छ।

**लघुउद्यम :**

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय कालीकोटबाट रु १० लाख भन्दा कम पूँजीका उद्योगहरको दर्ता नवीकरण र क्षेत्र निर्धारण कार्यहरु सम्पन्न गरी नगरपालिका क्षेत्र भित्रका ५५० वटा फर्म मध्ये चालु आ.व २०८१।०८२ मा २६ वटा फर्महरु

नविकरण र ९ वटा फर्म दर्ता गरी सम्पूर्ण उद्योगत तथा व्यवसायहरुको दर्ता नविकरण र सूचीकृत गर्ने कार्य नगरपालिकाको कार्यालयबाट सञ्चालन हुँदै आएको छ। यस अघि सिप विकास तालिम लिएका २०० जना नयाँ लघुउधमी मध्ये अचार बनाउने तालिम,भेडा बाखा,राडीपाखी जस्ता सिप विकास तालिमबाट १२० जना व्यक्तिहरु प्रत्यक्ष रुपमा लाभान्वित भएका छन ।

## जिन्सी तर्फ :

यस कार्यालय तथा मातहातका निकायको नाममा रहेका मेशिनरी औजार, सवारी साधन , फर्निचर, भवन, जग्गा जमिन लगायत अन्य विभिन्न नगद तथा जिन्सी सामाग्रीहरुको अभिलेख व्यवस्थापनलाई एकिकृत सूचना प्रणाली मार्फत अभिलेख व्यवस्थापन गरिएको छ र पुन: प्रयोगमा आउन नसक्ने सवारी साधन लगायत अन्य मेशिनरी औजारहरुको पहिचान गरि लिलाम विक्रि प्रकृया अगाडी बढाउन आवश्यक पहल गर्दै कार्यालयलाई आवश्यक पर्ने सामाग्रीहरुको उचित भण्डारण तथा आवश्यकता अनुसार आपूर्ति गर्ने कार्यको लागि चालु आ व २०८१।०८२ मा सार्वजनिक खरिद योजना निर्माण गरी कार्यान्वयन गरिएको छ ।

## न्यायिक निरुपण :

यस नगरपालिकाको स्थानीय न्यायिक समितिका र मेलमिलाप केन्द्रका पदाधिकारीको क्षमता अभिवृद्धि गर्दै सचिवालयमा दर्ता तथा दायर गरिएका विभिन्न किसिमका मुद्दा, मामिला तथा झैझगडाहरुको मेलमिलाप, फछ्यौट , पुनरावेदन र अभिलेख व्यवस्थापन गर्न कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनुका साथै फछ्यौट हुन नसक्ने प्रकृतिका मुद्दा तथा विवादलाई सम्बन्धित निकायमा पुनरावेदनका लागि पठाईएको छ। साथै ११ वटै वडाका वडा स्तरीय मेलमिलाप केन्द्रका पदाधिकारी, न्यायिक समितिका पदाधिकारीहरु र विषयगत शाखाका शाखा प्रमुखलाई न्यायिक निरुपरण तथा विवाद समधान सम्बन्धी २ दिने क्षमता विकास तालिम सञ्चालन गरी ६० जना सहजकर्ता उत्पादन गरिएको छ र सेवाग्राहीले मेलमिलाप सहजकर्ताबाट सहज रुपमा सेवा लिन सम्पूर्ण बडामा रहेका मेलमिलाप केन्द्रहरुमा मेलमिलापकर्ताको विवरण अभिलेखीकिरण गरिएको छ ।

## नविनत्म कार्यहरु :

यस नगरपालिकाकले आम उपभोक्तालाई दिने वित्तिय सेवामा पूर्ण रुपले विद्युति कारोबार लेखा प्रणाली व्यवस्थाप गरि सञ्चालनमा ल्याएको र पालिकाको विकास र समृद्धिको सहयात्रामा सहयोग गर्ने विभिन्न सरकारी तथा गैर सरकारी संघ सङ्गठन र नागरिक समाजसँग निरन्तर त्रैमासिक,अर्ध वार्षिक र वार्षिक रुपमा सरोकारवाला बिच विभिन्न गोष्ठी सेमिनार कार्यशाला तथा समन्वयात्म बैठकको आयोजना गरी सुझाव सङ्कलन तथा पृष्ठपोषण आदान प्रदान गर्न गरिएको छ ।यसै क्रममा यस पालिकाका सम्पूर्ण नागरिकको स्वास्थ र नागरिकका घरहरु घर बिमा गरी नगर पालिका स्तरीय विपद् व्यवस्थापन कार्य योजना बमोजिम खरको छानामुक्त कार्यलाई सञ्चालन गरि करिव ९० प्रतिशत भौतिक प्रगति हाँसिल गरि प्रत्यके घरदैलोमा गर्भवती महिलाहरुको निशुल्क भिडिय एकसरे लगायत स्वास्थ्य परिक्षणको प्रबन्ध गरिएको छ ।

## चुनौती :

नगरपालिकाको १५ औं नगर सभाबाट चालु आ.ब २०८१।०८२ को लागि पारित गरिएको नीति तथा कार्यक्रमहरुले लिएका लक्ष्यहरु पूरा गर्नका लागि केही चुनौतीहरुको सामान गर्नु परेको छ । सङ्घ तथा प्रदेश सरकार र अन्य निकायबाट यस नगरपालिकालाई प्राप्त हुने विभिन्न सशर्त तथा अनुदान तर्फका आयोजना तथा कार्यक्रमहरुमा लाभग्राहीहरुले व्यहोर्नुपर्ने लागत साझेदारी व्यहोर्ने नसक्दा समयमा नै आयोजनाहरु सम्पन्न हुन नसकि सशर्त अनुदान

तर्फको रकम फ्रिज जाने गरेको छ साथै संघ तथा प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ्ग बमोजिम अनुदान निकासा नहुँदा र नगरपालिकाको सिमित आन्तरिक आयस्रोतका कारण लक्ष्य अनुसार स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न कठिनाई रहेको छ ।

**अन्त्यमा**

आजको यस सुझाव तथा सार्वजनिक सुनुवाई कार्यक्रममा प्रस्तुत गरिएको यस नगरपालिकाको आ.व.२०८१।०८२ को प्रथम चौमासिक देखि हाल सम्मको एकीकृत प्रगति विवरण तयार गर्ने कार्यमा सहयोग पुऱ्याउनु हुने नगर प्रमुख, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत सम्पूर्ण शाखा प्रमुख ज्यूहरुलाई हार्दिक धन्यवाद दिदैं यस नगरपालिकाको समवृद्धिका लागि यहाँहरुको सदैव साथ सहयोग रहने छ भन्ने पूर्ण विश्वास लिइएको छु । धन्यवाद ।

महेन्द्र बहादुर शाही
नगर उप प्रमुख
तिलागुफा नगरपालिका ,कालीकोट

तिलागुफा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गाल्जे, कालीकोट
कर्णाली प्रदेश नेपाल
२०७३

महेन्द्र बहादुर शाही
(नगर उप-प्रमुख)